# वासिंग/लौन्डरी सेवा करारमा लिने सम्बन्धी प्रस्ताव

## सेवा करारमा लिने सम्बन्धी प्रस्ताव

## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान,

## मधेश प्रदेश, जनकपुरधाम

प्रस्ताव जारी मितिः २०८३/०६/१६

प्रस्ताव जारि गरिएकोः सम्पुर्ण योग्य प्रस्तावदाताहरुलाई

प्रस्ताव नं. MIHS/NCB/LM/2083-084/03

# मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान,

मधेश प्रदेश, जनकपुरधाम

## वासिंग/लौन्डरी सेवा करारमा लिने सम्बन्धी प्रस्ताव

प्रस्ताव नं. MIHS/NCB/SM/2083-084/03

प्रथम पटक प्रकाशित मिति : सोमबार २०८३/०६/१६

१. मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतका बिभागहरु बाट निस्केका फोहोर लुगाहरू धुने तथा आयरन गर्न सम्बन्धी सेवा आवश्यक रहेको हुँदा अन्य सेवाबाट वासिंग/लौन्डरीको कार्यको सेवा खरिद गर्नुपर्ने भएकोले श्रम तथा व्यवसायजन्य विभागबाट सो सेवा प्रदान गर्न इजाजत प्राप्त योग्य तथा ईच्छुक फर्म, संस्था वा कम्पनीहरुले प्रस्ताव पेश गर्न यो प्रस्ताव आव्हानको सूचना प्रकाशित गरिएको छ ।

२. ईच्छुक फर्म, संस्था वा कम्पनीहरुले यस सम्बन्धी थप जानकारीको लागि वा प्रस्ताव सम्बन्धी कागजातहरु अध्ययन गर्न चाहेमा यस प्रतिष्ठानमा सम्पर्क राख्न सक्नेछन वा प्रतिस्ठानको वेवसाईट WWW.mihs.edu.np मा प्रस्ताव सम्बन्धि कागजात हेर्न सकिनेछ ।

३. प्रस्ताव सम्बन्धि कागजात अनलाइन www.mihs.edu.np बाट डाउनलोड गरि हेर्न सकिनेछ । ईच्छुक प्रस्तावदाताले प्रतिष्ठानमा दर्ता भई प्रस्ताव सम्बन्धी कागजातको फारम दस्तुर रु.३०००/ (पछि फिर्ता नहुने) निम्न बैंकको खातामा जम्मा गर्नु पर्नेछः

**बैंकको नाम :** लक्ष्मी सनराइज बैक लिमिटेड

**खातावालाको नामः** मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान आम्दानी खाता

**कार्यालयको नाम :** मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

**कार्यालय कोड नं.:** ३७०००१७०२२

**कार्यालय खाता नं.:** १६८१६९९५३६०११९०१

**राजस्व शीर्षक नं.:** १४२२९

४. प्रस्तावको मान्य अवधि ९० (नब्बे) दिन हुनेछ । विद्युतीय प्रस्ताव पेश गर्दा प्रस्ताव साथ वाणिज्य बैक वा वित्तीय संस्थाबाट जारी भएको प्रस्ताव पेश गर्ने अन्तिम मिति देखि कम्तिमा १२० (एक सय बिस) दिनको मान्य अवधि भएको रु ५५०००(अक्षेरुपी पचपन्न हजार मात्र) को निशर्त बैक जमानत पेश गर्नु पर्नेछ ।

**नगद रकम जम्मा गर्ने बैंक खाताको विवरणः**

**धरौटी खाता नं.:** १६८१६९९५४००११९०३

**खातावालाको नामः** मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान धरौटी खाता

**बैंकको नामः** लक्ष्मी सनराइज बैक लिमिटेड

**कार्यालयको नामः- मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**

**कार्यालय कोड नं.: ३७०००१७०२२**

५. ईच्छुक प्रस्तावदाताले यस प्रतिष्ठानको लेखा शाखाबाट MIHS/NCB/LM/2083-084/03 को BOQ खरिद गरि मिति २०८३/०७/१२ गते दिनको १२:०० बजे भित्र दाखिला गर्नु पर्नेछ। दाखिला भएका प्रस्तावहरु सोही दिन दिनको २:०० बजे उपस्थित हुन चाहने प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रस्तावदाताको प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन । सो दिन विदा परे कार्यालय खुलेको दिन सोही समयमा प्रस्ताव खोलिनेछ ।

६. विद्युतीय प्रस्ताव पेश गर्दा प्रस्ताव सम्बन्धी कागजातमा उल्लेखित सेवाको कार्य क्षेत्रगत शर्त र कार्य विवरण, प्रस्ताव साथ पेश गर्नु पर्ने न्युनतम कागजातहरु तथा सेवा शुल्क भुक्तानीको तरिका अध्ययन गरी पेश गर्नु पर्नेछ ।

७. बोलपत्र पुर्व बैठक
मितिः-२०८३/०६/३० गते शुक्रबार दिनको २ बजे
स्थानः मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरधाम

८. प्रस्ताव सम्बन्धी अन्य सेवा र शर्तहरु प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस प्रतिष्ठानमा निहित रहनेछ ।

९. अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ संशोधन सहित, सार्वजनिक खरिद नियमावली २०६४ संसोधन सहित र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान (आर्थिक प्रशासन) नियमावली अनुसार हुनेछ ।

१०. कुनै विवाद उत्पन्न भएमा प्रतिष्ठानको निर्णय नै अन्तिम हुनेछ ।

## वासिंग/लौन्डरी सेवा करारमा लिने सम्बन्धी कार्यगत शर्त तथा कार्यविवरण

(Terms of Reference and Job Description)

## १.पृष्ठभूमि

स्वास्थ्य विज्ञानको क्षेत्रमा अध्ययन, अध्यापन, अनुसन्धान तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको माध्यमबाट दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले मधेश प्रदेश सरकारद्वारा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरिएको हो। प्रतिष्ठान अन्तर्गत केन्द्रीय कार्यालय, विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्ने कलेजहरू, अनुसन्धान केन्द्र, परीक्षा नियन्त्रण कार्यालय तथा प्रादेशिक अस्पताल जनकपुरधाम सञ्चालनमा रहेका छन्। प्रतिष्ठान अन्तर्गत सञ्चालित कार्यालय तथा अस्पतालका विभिन्न बिभागहरु बाट प्राप्त फोहोर कपडाहरु (तन्ना, तकियाको खोल, गाउन, ड्रेस, ब्लान्केट,OT ड्रेस, डाक्टर ड्रेस,नर्स ड्रेस, बिरामी ड्रेस, OT **को कपरा**, लगयातका अन्य कपडाहरु) संकलन गर्ने, धुने, सुकाउने तथा आइरन गर्ने र फोल्ड गर्ने, लौग बुक तयार गर्ने र पूनः सम्बन्धित वार्डमा लुगाहरु वितरण गर्ने कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्न यो कार्य ठेक्कामा दिई ठेकेदार मार्फत गर्नु/गराउनु पर्ने छ |

## २. उद्देश्य

यस सेवाको मुख्य उद्देश्य निम्नानुसार रहेका छन् :

क) प्रयोग भएका कपडाहरु वार्ड बाट संकलन गर्ने |

ख) कार्यालय तथा अस्पताल परिसरबाट निस्किने फोहोर कपडाहरुको धुने तथा सरसफाई गर्ने |

ग) धोएका कपडाहरु सुकाउने र आयरन गर्ने |

घ) सम्बन्धित बिभागका कपडाहरु वार्डमा पठाउने लगयात लौंडरी सम्बन्धी अन्य कार्यहरु गर्ने |

## ३. सेवा उपलब्ध गराउनु पर्ने स्थान

सेवा प्रदायकले प्रतिष्ठानको आवश्यकता अनुसार प्रादेशिक अस्पताल जनकपुरधाम |

## ५. **Laundryman** को न्यूनतम योग्यता

क) नेपाली नागरिक हुनुपर्ने।

ख) सामान्य लेखपढ गर्न सक्ने।

ग) उमेर २१ वर्ष पूरा भई ५८ वर्ष ननाघेको।

घ) लुगा धुने, सुकाउने, Iron **गर्ने, लुगा सुरक्षित राखने र लुगा** delivery **गर्ने** सीप र **कार्य** अनुभव भएको।

ङ) अनुशासित, इमान्दार, जिम्मेवार, कर्तव्यनिष्ठ तथा शिष्ट व्यवहार भएको।

च) नेपाली भाषा पढ्न, लेख्न र बुझ्न सक्ने ।

छ) संक्रमण नियन्त्रण तथा सरसफाई सम्बन्धी मापदण्डको पालना गर्ने।

ज) सरसफाई सम्बन्धी समस्या वा जोखिम देखिएमा सम्बन्धित अधिकारीलाई जानकारी गराउने।

झ) कार्यालय प्रमुख वा फाँट प्रमुखले तोकेका अन्य कार्यहरू गर्ने।

## ९. कार्य समय :

सुम्पिएको कार्य दैनिक निर्धारित समय भित्र गर्नु पर्ने छ ।

## १०. सेवा प्रदायक (ठेकेदार कमनीको जिम्मेवारी) को जिम्मेवारी :

क) निर्धारीत समयभित्र कार्य सम्पन्न गर्ने/गराउने।

ख) जनशक्तिलाई परिचयपत्र तथा आवश्यक पोशाक उपलब्ध गराउने।

ग) कामदारलाई श्रम ऐन तथा प्रचलित कानून बमोजिम पारिश्रमिक तथा सुविधा उपलब्ध गराउने।

छ) कार्यसम्पादन सन्तोषजनक नभएका जनशक्तिलाई कार्यालयको अनुरोधमा तीन दिनभित्र प्रतिस्थापन गर्ने।

## ११. सम्झौता अवधि

सेवा सम्झौता अवधि सामान्यतया एक वर्षको हुनेछ। कार्यसम्पादन सन्तोषजनक भएमा प्रचलित कानून बमोजिम थप एक-एक वर्षमा नबढ्ने गरी बढीमा ५ वर्षसम्म अवधि विस्तार गर्न सकिनेछ।

## १२. भुक्तानी व्यवस्था

सेवा प्रदायक ठेकेदार कम्पनीलाई मासिक रूपमा सम्झौता बमोजिमको रकम रु. निजको बैंक खातामा पठाईने छ ।

"भाग ख"

भाग "क":

## प्रस्ताव तयार गर्नको लागि प्रस्तावदातालाई जानकारी तथा निर्देशन

बोलपत्र/ प्रस्तावदाताहरुले तपसिल बमोजिमको सूचना तथा निर्देशनलाई ध्यानमा राखी प्रस्ताव तयार गर्नु पर्नेछ ।

१.१ प्रस्ताव सम्बन्धी कागजात प्राप्त गर्ने स्थान, समय तथा दस्तुर :

यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २०८३/०७/१२ गते मध्यान्ह १२:०० बजे वा सो भन्दा अगाडी, चालु आर्थिक वर्षको लागि नविकरण भएको इजाजतपत्रको प्रमाणित प्रतिलिपि, Laundaryman सम्बन्धी कार्य गर्न पाउने मान्यता प्राप्त संस्थाबाट प्राप्त सहमती पत्रको प्रमाणित प्रतिलिपि, स्थायी लेखा तथा मू.अ.कर प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. ०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, **बैंकको नाम :** लक्ष्मी सनराइज बैक लिमिटेड **कार्यालयको नाम :** मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान **कार्यालय कोड नं.:** ३७०००१७०२२ **कार्यालय खाता नं.:** १६८१६९९५३६०११९०१ **राजस्व शीर्षक नं.:** १४२२९ मा रु ३,०००।—(तिन हजार मात्र), फिर्ता नहुने रकम जम्मा गरेको Scan Copy सक्कल भौचर समेत संलग्न राखि यस प्रतिष्ठानमा निवेदन दिनुपर्नेछ ।

### १.२ प्रस्ताव पेश गर्ने :

१.२.१ प्रस्तावदाताहरुले प्रस्ताव पेश गर्दा यस प्रतिष्ठानबाट मिति २०८३/०७/१२ गते मध्यान्ह १२:०० बजे भित्र प्रस्ताव सम्बन्धी कागजात (BOQ) खरिद गरी प्रस्ताव सम्बन्धी कागजातमा उल्लिखित सेवाको कार्य, क्षेत्रगत शर्त र कार्य विवरण, कानूनी ग्राह्यता, योग्यताका आधारहरु, आर्थिक प्रस्ताव सम्बन्धी कागजात तथा फारामहरुको ढांचा सम्झौताका शर्तहरु प्रस्तावसाथ पेश गर्नु पर्ने न्युनतम कागजातहरु अध्ययन गरी सोही प्रस्तावसम्बन्धी कागजातमा रहेका फारामहरुमा उल्लेखित विवरण तथा दररेट भरी प्रस्ताव तयार गरी पेश गर्नुपर्नेछ ।

१.२.२ बोलपत्रदाताले आफूले दाखिला गर्ने बोलपत्र मिति २०८३।०७।१३ गते दिनको १२:०० बजेभित्र धरौटी खाता नं.:१६८१६९९५४००११९०३ खातावालाको नाम:. मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान धरौटी खाता, बैंकको नाम :लक्ष्मी सनराइज बैक लिमिटेड, कार्यालयको नाम :- मधेश

स्वास्थ्य विज्ञान प्रतिष्ठान, कार्यालय कोड नं.: ३७०००१७०२२ मा धरौटी रकम रु. ५५००० (अक्षेरुपी पचपन्न हजार मात्र) जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको ईजाजत मान्यता प्राप्त वाणिज्य बैंकबाट यस केन्द्रको नाममा जारी भएको कम्तिमा १२० दिन अवधि रहने गरी बोलपत्र खोलेको मिति बाट गणना हुने म्याद भएको बैंक ग्यारेन्टी (विड वण्ड) वोलपत्रसाथ संलग्न गरी यस प्रतिष्ठानको कार्यालयमा पेश गर्नुपर्नेछ।

१.२.३ Power of Attorney तोकी लिखित रुपमा सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम खोलिने दिनको १२:०० बजे वा सो भन्दा अगाडी यस प्रतिष्ठानमा अनिवार्य दर्ता गरिसक्नु पर्नेछ। उक्त समय भित्र उपरोक्त बमोजिम दर्ता नभएको बोलपत्र सम्बन्धि कागजात उपर कुनै कारबाही गरिने छैन ।

१.२.४. प्रस्ताव खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खोलेको दिन उक्त कार्य सोही समयमा हुने छ ।

१.२.५. पेश हुन आएका बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिनको १४:०० बजे बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा खोलीने छ। प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

१.२.६. बोलपत्रदाताले Bill of Quanaty (BOQ) का उल्लेखित सबै महलहरुमा दररेट अनिवार्य उल्लेखित गर्नुपर्ने

१.२.७ प्रस्तावमा देहायका कागजातहरु समावेश गर्नु पर्नेछ

(क) स्वघोषणा पत्र

(ख) प्रस्तावदाताको विवरण

(घ) प्रस्तावमा हस्ताक्षर गर्न अख्तियार प्राप्त व्यक्ति आफैले प्रमाणित गरेको प्रस्ताव साथ पेश गर्नुपर्ने प्रमाणित कागजातहरुको प्रतिलिपि

(ङ) आर्थिक प्रस्ताव पेश गर्ने निवेदन

१.२.८ पेश भएको प्रमाण/कागजात एवं विवरणहरु सारभुत रुपमा अपुरो वा फरक भएमा प्रस्ताव अप्रभावग्राही (Non Responsive) मानिनेछ।

१.३ प्रस्ताव पेश गर्ने तरिकाः

१.३१ प्रस्तावदाताले प्रस्ताव अनिवार्य रुपमा यस प्रतिष्ठानको कार्यालयमा मिति २०८३/०७/१३ गत्ते दिनको १२:०० बजे वा सो भन्दा अगाडी पेश गर्नु पर्नेछ।

१.३.२ एक प्रस्तावदाता फर्मले व्यक्तिगतरुपमा वा संयुक्त उपक्रमको साझेदारको रुपमा एउटा मात्र प्रस्ताव पेश गर्न सक्नेछ। एक भन्दा बढी प्रस्ताव पेश गरेमा सो प्रस्तावदाता सहभागी भएको सबै प्रस्तावहरु रद्द हुनेछन् ।

१.३.३ प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव छुट्टा छुट्टै खाममा राखी शिलबन्द गर्नु पर्ने छ | उक्त दुईतै खाम फेरी एउटा ठूलो खाममा शिलबन्द गरी पाह गर्नु पर्ने छ |प्राविधिक प्रस्तावको मूल्यांकनबाट सारभूत प्रभावाग्रही भएको प्रस्तावको मात्र आर्थिक मूल्यांकन गरिने छ |

**१.४ प्रस्ताव पेश गर्ने अन्तिम मिति र समयः**

१.४.१ प्रस्ताव पेश गर्ने अन्तिम मिति र समय देहाय वमोजिम हुनेछ

प्रस्ताव पेश गर्ने अन्तिम मिति : २०८३/०७/१३ गते दिनको १२:०० सम्म

१.४.२ खण्ड (१.४.१) वमोजिमको अवधि पश्चात प्राप्त भएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन

**१.५ प्रस्ताव संशोधन वा फिर्ता**

पेश गरेको प्रस्तावमा एकपल्ट मात्र संशोधन या फिर्ता गर्न पाइने छ। संशोधन वा फिर्ता गर्नु पर्ने भएमा सो व्यहोरा उल्लेख गरिएको निवेदन बोलपत्र दाखिला गर्ने अन्तिम दिनको मध्यान्ह १२:०० बजे वा सो भन्दा अगाडी यस प्रतिष्ठानको कार्यालयमा अनिवार्य दर्ता गराई सक्नुपर्ने छ। उक्त अवधि पश्चात प्राप्त भएको निवेदन उपर कारबाही गरिने छैन ।

**१.६ प्रस्ताव मान्य रहने अबधिः**

प्रस्तावदाताले पेश गरेको प्रस्तावको मान्य अवधि प्रस्ताव पेश गर्न तोकिएको अन्तिम मिति देखि ९० (नब्बे) दिनसम्मको हुनेछ।

**१.७ प्रस्तावको जमानत जफत हुने अवस्था**

प्रस्तावको जमानत देहायको अवस्थामा जफत हुनेछ :-

(क) प्रस्ताव पेश गर्ने अन्तिम मिति र समय पछि प्रस्ताव मान्य हुने अवधि भित्र प्रस्तावदाताले प्रस्ताव संशोधन गर्न वा फिर्ता गर्न माग गरेमा,

(ख) प्रस्तावमा देखिएको अंकगणितीय त्रुटी सच्याइएको कुरा प्रस्तावदाताले स्वीकार नगरेमा,

(ग) छनौट भएको प्रस्तावदाताले प्रस्ताव सम्बन्धी कागजातमा उल्लिखित शर्त बमोजिम खरिद सम्झौता नगरेमा,

(घ) प्रस्तावदाताले खरिद सम्झौता गर्ने म्याद भित्र प्रस्ताव सम्वन्धी कागजातमा कार्यसम्पादन जमानत दिन नसकेमा,

(ङ) प्रस्ताव परीक्षणको सिलसिलामा खरिदकर्ताले माग गरेको कुनै जानकारी दिदा प्रस्तावदाताले प्रस्तावको मूल्य वा सारभूत कुरा परिवर्तन गरेमा,

(च) प्रचलित कानून बमोजिम प्रस्तावदाताले आचरण विपरित काम गरेमा ।

**१.८ भाषा :**

प्रस्तावदाताले नेपाली भाषामा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

**१.९ संयुक्त उपक्रम :**

१.९.१ फर्म, कम्पनी वा संस्थाहरु मिलि संयुक्त उपक्रमको रुपमा नियमानुसार प्रस्ताव पेश गर्न सक्नेछ।

१.९.२ संयुक्त उपक्रमको रुपमा प्रस्ताव पेश गरिने भएमा संयुक्त साझेदारीको तर्फबाट प्रस्तावमा हस्ताक्षर गर्न आधिकारीक रुपमा प्रमाणित गरिएको अख्तियारीनामा प्रस्तावसाथ संलग्न गर्नुपर्ने छ ।

१.९.३ खरिद सम्झौताको शर्तहरु अनुसार सम्झौता कार्यान्वयन गर्न संयुक्त उपक्रमको तर्फबाट प्रस्तावमा हस्ताक्षर गर्न तथा अन्य काम गर्न अख्तियारी दिनुपर्नेछ र निजले संयुक्त उपक्रमका सबै साझेदारहरु व्यक्तिगतरुपमा तथा समूहगतरुपमा जवाफदेही हुनेछन् ।

१.९.४ संयुक्त उपक्रमको नामबाट प्रस्ताव पेश गर्दा संयुक्त उपक्रमको नामबाट नै प्रस्ताव सम्बन्धी कागजात खरिद गरी प्रस्ताव पेश गर्नु पर्नेछ। प्रस्तावको जमानत संयुक्त उपक्रमका सबै साझेदारहरुको नाममा हुनुपर्ने छ ।

**१.१० प्रस्ताव खोल्नेः**

१.१०.१ प्रस्ताव खोलिने स्थान, अन्तिम मिति र समय देहाय बमोजिम हुनेछः

प्रस्ताव खोलिने स्थानः मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरधाम

प्रस्ताव खोलिने अन्तिम मितिः २०८३/०७/१३

प्रस्ताव खोलिने समय : दिनको १४:०० बजे ।

१.१०.२ प्रस्ताव खोल्दा प्रस्तावदाता आफै वा निजको अधिकृत प्रतिनिधिको रोहवरमा प्रस्ताव खोलिनेछ । प्रस्तावदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन

**१.११:- प्रस्ताव मुल्यांकनको तरिका**

प्रस्तावहरुको मूल्यांकन प्रस्ताव सम्बन्धी कागजातमा उल्लेखित आर्थिक प्रस्ताव र योग्यताका आधार तथा प्रस्ताव साथ संलग्न कागजातहरुको आधारमा गरिनेछ ।

१.११.१ मूल्यांकनका आधारहरुः-

- प्रस्तावदाता संस्था/कम्पनी/फर्म दर्ता भएको तथा नियमित रूपमा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
- Laundary **सेवा संचालन** गर्न आधिकारिक निकायबाट प्राप्त मान्य इजाजत/सहमति/स्वीकृति (नवीकरण सहित) को प्रतिलिपि पेश गर्नुपर्नेछ।
- मूल्य अभिवृद्धि कर (VAT) तथा स्थायी लेखा नम्बर (PAN) मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।
- आ.व. २०८१/८२ सम्मको कर चुक्ता प्रमाणपत्र ।
- प्रस्तावदाता संस्था वा फर्म कालोसूचीमा नपरेको तथा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन बमोजिम खरिद प्रक्रियामा सहभागी हुन योग्य रहेको हुनुपर्नेछ।
- Laundaryman नेपाली नागरिक हुनुपर्नेछन् तथा उमेर कम्तीमा १८ वर्ष पूरा भई ५८ वर्ष ननाघेको हुनुपर्नेछ।
- प्रस्तावित जनशक्ति कुनै पनि फौजदारी अभियोगमा अदालतबाट दोषी नठहरिएको सम्बन्धमा प्रस्तावदाताबाट स्वघोषणा (Self-Declaration) पेश गर्नुपर्नेछ।
- प्रस्तावदाताले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद प्रक्रियामा सहभागी हुन अयोग्य नरहेको, स्वार्थ बाझिने अवस्था नरहेको, पेशागत कसुरमा सजाय नपाएको तथा कालोसूचीमा नपरेको व्यहोरा खुल्ने स्वघोषणा पत्र पेश गर्नुपर्नेछ।
- प्रस्तावदाताले प्रतिनिधि मार्फत प्रस्ताव पेश गरेको अवस्थामा निज प्रतिनिधिलाई प्रदान गरिएको अख्तियारनामाको सक्कल वा प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।
- संयुक्त उपक्रम (JV) बनाई प्रस्ताव पेश गरेको भए संयुक्त उपक्रम सम्बन्धी सम्झौता पेश भएको हुनुपर्ने।

१.११.२ सार्वजनिक खरिद ऐनलाई संसोधन गर्न बनेको अध्यादेश २०८३ बमोजिम The Purchaser shall determine the Average Bid Price of all the substantially responsive Bids. The Bid Price which is closest to the Average Bid Price AND is not substantially higher than the cost estimate shall be selected for awarding the contract. In case two or more Bid Prices are determined to be equally closest to the Average Bid Price, the Bid Price which is below the Average Bid Price shall be selected for awarding the contract. दुई वा दुई भन्दा बढी प्रस्तावदाताहरुको closest to the Average कबोल अङ्क बराबर हुन आएमा मुल्यांकित सारभुतरुपमा प्रभावग्राही प्रस्तावहरुमध्ये गोला प्रथाबाट स्वीकृतीका लागि प्रस्ताब छनोट गरिनेछ ।

१.११.३ बोलपत्र प्रस्ताव उपर कारबाही नहुने

क) प्रस्तावसाथ संलग्न हुनु पर्ने प्रमाणित तथा सक्कल कागजातहरु भनी उल्लेख भएकोमा उक्त कागजातहरु संलग्न नभएको ।

(ख) रित नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको

(ग) सूचना तथा प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए अनुसार संलग्न गर्नुपर्ने धरौटी रकम जम्मा नगरेको वा बैंक जमानत (बिड बण्ड) कागजात संलग्न नभएको,।

(घ) Bill of Quantities (BOQ) का कुनै वा सबै महलमा कबोल रकम उल्लेख नभएको ।

(ङ) बोलपत्र/प्रस्ताव सम्बन्धी सूचना तथा कागजातमा उल्लेख भए बमोजिमका कागजात पेश नभएको

च) प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको खाम छुट्टा छुट्टै खाममा शिलबन्द गरी पेश नगरेको |

१.१२ कानूनी ग्राह्यताः

प्रस्तावदाताले प्रस्ताव पेश गर्दा प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भएको ढाँचामा विवरणहरु भरी देहायका प्रमाण कागजातहरु प्रस्तावसाथ पेश गर्नु पर्नेछ :

(ख) Laundary सेवा गर्न/गराउन पाउने गरी मान्यता प्राप्त संस्थाबाट प्राप्त सहमती पत्रको प्रमाणित प्रतिलिपि,

(ग) मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(घ) आर्थिक बर्ष २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

(ङ) खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रतावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र प्रस्तावदाताले निजको व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको भन्ने सम्बन्धमा सम्बन्धित फर्म, संस्था वा कम्पनीको लेटर प्याडमा लिखित रुपमा घोषणा गरेको पत्र ।

च) प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको खाम छुट्टा छुट्टै खाममा शिलबन्द गरी पेश नगरेको |

**१.१३ प्रस्तावको पूर्णताको परीक्षण :**

प्रस्तावको पूर्णताको परीक्षण गर्दा देहाएका प्रस्तावहरु पूर्ण भएको मानिनेछ :-

(क) प्रस्तावदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको सहिछाप भएको,

(ख) प्रस्तावदाताले आफ्नो प्रतिनिधि राखेको भए निजलाई दिएको अख्तियारनामाको कागजात पेश भएको,

(ग) संयुक्त उपक्रम बनाई प्रस्ताव पेश गरेको भए संयुक्त उपक्रम सम्बन्धी सम्झौता पेश भएको हुनु पर्ने छ

(घ) प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए बमोजिमको किसिम, समयावधि र रकमको जमानत प्रस्ताव साथ संलग्न भए/नभएको,

(ङ) प्रस्तावदाताको योग्यता तथा प्रस्तावमा उल्लेखित अन्य विवरणहरु पुष्ट्याई गर्ने आवश्यक कागजात पेश भए/नभएको ।

च) प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको खाम छुट्टा छुट्टै खाममा शिलबन्द गरी पेश नगरेको |

**१.१४ प्राविधिक पक्ष (अनुभव र योग्यता) को मूल्यांकनः**

प्राविधिक पक्षको मूल्यांकन गर्दा प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए बमोजिमको मूल्यांकन प्रक्रिया, योग्यताको आधार तथा प्रस्तावसाथ संलग्न गर्नुपर्ने फर्म/संस्था/कम्पनीको उम्मेदवारको वैयक्तिक विवरणहरुलाई समेत ध्यानमा राखी तयार गर्नुपर्नेछ ।

क)

**१.१५ आर्थिक पक्षको मूल्यांकनः**

(क) आर्थिक पक्षको मूल्यांकन गर्दा मूल्य अभिवृद्धि कर सहित गरिनेछ।

(क) The Purchaser shall determine the Average Bid Price of all the substantially responsive Bids. The Bid Price which is closest to the Average Bid Price AND is not substantially higher than the cost estimate shall be selected for awarding the contract. In case two or more Bid Prices are determined to be equally closest to the Average Bid Price, the Bid Price which is below the Average Bid Price shall be selected for awarding the contract. दुई वा दुई भन्दा बढी प्रस्तावदाताहरुको closest to the Average कबोल अङ्क बराबर हुन आएमा मुल्यांकित सारभुतरुपमा प्रभावग्राही प्रस्तावहरुमध्ये गोला प्रथाबाट स्वीकृतीका लागि प्रस्ताब छनोट गरिनेछ ।

## १.१७ प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार

(क)दाखिला भएका प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस प्रतिष्ठानमा सुरक्षित रहनेछ ।

## १.१८ प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना दिने :

(क)प्रस्ताव स्वीकृत गर्नु अघि प्रतिष्ठानले सारभूतरुपमा प्रभावग्राही भएको र न्यूनतम मूल्यांकित रकम कबोल गर्ने प्रस्तावदातालाई निजको प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना दिई सोको लिखित जानकारी प्रस्ताव पेश गर्ने अन्य प्रस्तावदातालाई समेत दिईनेछ ।

## १.१९ पुनरावलोकन सम्बन्धि व्यवस्था

(क)प्रतिष्ठानले खरिद कारबाही वा निर्णय गर्दा कुनै त्रुटी गरेको वा पालना गर्नुपर्ने कर्तव्य पालना नगरेकोले आफूलाई क्षति पुग्ने वा पुग्न सक्ने कारण खुलाई कुनै प्रस्तावदाताले त्यस्तो त्रुटी वा निर्णयको पुनरावलोकनका लागि प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना दिएको सात (७) दिन भित्र सम्बन्धित सार्वजनिक निकायका प्रमुख समक्ष कुन काम गरेको वा नगरेको कारणले त्यस्तो त्रुटी हुन गएको हो वा कर्तव्य पालना नभएको हो र त्यस्तो निर्णय कुन ऐन वा नियम वा निर्देशिकाको कुन प्रावधान विपरित छ भन्ने कुरा स्पष्टरुपमा खुलाई निवेदन दिन सक्नेछ ।

## १.२०: प्रस्ताव स्वीकृत गर्ने, सोको जानकारी दिने र सम्झौता गर्ने :

(क) पुनरावलोकनको लागि कुनै पनि प्रस्तावदाताले निवेदन नगरेमा छनौट भएको प्रस्तावदाताको प्रस्तावको मान्य अवधि भित्र स्वीकृत गरी निजलाई कार्य सम्पादन जमानत दाखिला गरी पन्ध्र (१५) दिन भित्र खरिद सम्झौता गर्नको लागि सूचना दिईनेछ ।कार्य सम्पादन जमानत दाखिला गरी प्रस्तावदाता सम्झौता गर्न नआएमा निजको प्रस्तावको जमानत रकम जफत गरी सो भन्दा लगत्तै पछिको अर्को न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी निज संग खरिद सम्झौता गरिनेछ ।

## १.२१:आचरण :

प्रस्तावदाताले सार्वजनिक खरिद ऐन, २०६३ बमोजिमको आचरणहरु पालना गर्नु पर्नेछ । आचरण पालना नभएमा उल्लेखित कानूनको आधारमा कारबाही हुनेछ ।

## १.२२ कालो सुचीमा राख्ने :

प्रस्तावदाताले यस प्रस्तावसम्बन्धी कागजात बमोजिम प्रस्ताव दर्ता गरी मूल्यांकन पश्चात् सार्वजनिक निकायले प्रस्ताव स्वीकृतिको लागि आशय पत्र दिएपछि कार्य सम्पादन जमानत राखी वा नराखी सम्झौता गर्न नआएमा वा सम्झौता पछि सम्झौता अनुसार कार्य नगरेमा वा खरिद ऐनमा उल्लिखित आचरणहरु पालना नगरेमा खरिद ऐन तथा नियमावलीको प्रक्रिया र व्यवस्था अनुसार कालो सूचीमा राखी कारबाही गरिनेछ ।

## प्रस्ताव सम्बन्धि फारामहरु र आर्थिक प्रस्ताव

प्रस्ताव पेश गरेको निवेदन

(सेवा प्रदायकको लेटर प्याड वा कम्पनीको छाप लागेको सेतो कागजमा )

श्री मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान,

जनकपुरधाम ।

विषयः प्रस्ताव पेश गरेको सम्बन्धमा ।

महाशय,

तल हस्ताक्षर गर्ने हामीले, प्रस्ताव सम्बन्धी कागजातको अध्ययन गरी, प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए अनुसारको Laundryman (**धोबी)** सेवा प्रदान गर्न जम्मा रु ............................... अक्षरमा ........................................ रुपैयाको यो प्रस्ताव पेश गर्दछौ ।

हाम्रो प्रस्ताव स्वीकृत भएमा, कार्यक्षेत्रगत शर्तहरु तथा कार्य विवरणहरुमा उल्लिखित सेवाहरु सोही कार्यक्षेत्रगत शर्तहरु तथा कार्यविवरणहरुको अधिनमा रही प्रदान गर्नेछौ ।

प्रस्ताव खोलेको मितिवाट ९० दिनसम्मको लागि यो प्रस्ताव मान्य हुने कुरामा हाम्रो मजुरी छ र यो अवधिभित्र कुनै पनि समय खरिदकर्ताले यो दरभाउपत्रलाई स्वीकार गरेमा हामीलाई मान्य हुनेछ ।

हाम्रो प्रस्ताव स्वीकृत भएमा खरिदकर्ताले तोके अनुसार करार पूरा गर्ने हाम्रो प्रतिवद्धता स्वरुप कार्य सम्पादन जमानत पेश गर्नेछौं ।

औपचारिक रुपमा करार सम्झौतामा हस्ताक्षर नभएसम्मको लागि आशयको सूचना र प्रस्ताव स्वीकृतको पत्र सहित यो प्रस्ताब संयुक्त रुपमा हाम्रो लागि एक बाध्यकारी करार हुनेछ ।

न्यूनतम कबोल अङ्क भएको वा अन्य कुनै पनि प्रस्ताव स्वीकार गर्न तपाँई बाध्य हुनुहुन्न भन्ने पनि हामीलाई थाहा छ ।

प्रस्तावित खरिद कारवाहीमा भाग लिन कुनै कानूनले अयोग्य छैन/छैनौ। काली सूचीमा परी कारोवार गर्न अयोग्य भएको छैन/छैनौ । मैले हामीले गर्ने पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाय पाएको छैन/छैनौ । प्रस्तावित खरिद कारवाहीमा मेरो/हाम्रो कुनै स्वार्थ बाझिएको छैन ।

हाम्रो फर्म, संस्था वा कम्पनी सम्बन्धी विवरण देहाय वमोजिम रहेको छः

फर्म संस्था वा कम्पनीको नाम :
मुख्य कार्यालय रहेको स्थानः
मुख्य व्यक्तिको नाम, पद र सम्पर्क नं.
टेलिफोन/मोबाईल नं.
हस्ताक्षरः
छापः

## आर्थिक प्रस्ताव गर्दा ठेकेदार कम्पनीले ध्यान दिनु पर्ने :

क) अस्पतालले laundary **सेवाकोलागी ठेकेदार कम्पनीलाई** यस अस्पतालमा हाल उपलव्ध रहेको ३५० बेड क्षमताको laundry machine **उपलव्ध गराउने छ |**

ख) Laundaryman **ले चेकलिस्ट तयार गरी वार्ड बाट समान बुझ्ने र बुझाउने गर्नु पर्ने छ | यस कार्यकोलागी आवश्यक राज्स्तर, दोत्पें लगायतका सामाग्रीहरु ठेकेदार आफैंले व्यवस्थापन गर्नु पर्ने छ**

ग) **लुगा रामरी सफा भएको नभएको प्रमाणीत सम्बन्धित वार्डबाट गराउनु पर्ने छ | समयमा सफाई गरी लुगा वार्डमा नपठाएमा, रामरी सफा नभएको लुगा वार्डमा पठाएमा प्रत्येक पटक अस्पतालले रु.**

**१०००/- जरिवाना गर्नेछ | ३ पटक भन्दा बढी पटक यस्ता कार्य दोहोरिएमा सम्झौता रद्द गरी धरौटी जमानत जफत गरिने छ |**

घ) **अस्पतालको मेसिन बिग्रेको वा प्राविधिक कुनै समस्या आई कार्य सम्पादनमा समस्या आएको अवस्थामा लुगाहरु अस्पतालबाट बुझी बह्‌बात धुएर ल्याउन सक्ने छ | तर यसो गर्दा सम्बन्धित वार्ड बाट लुगाहरु गनेर लिने र गनेर बुझाउने गर्नु पर्ने छ |**

ङ) **सम्झौताको समयमा ठेकेदार कम्पनीले रु. २,००,०००/- (दुइ लाख) धरौटी रकम वा बैक जमानत राख्नु पर्ने छ |**

च) Laundry **संचालनमा हुने बिजुली खपत ठेकेदार आफैंले मासिक रुपमा यस प्रतिष्ठानलाई बुझाउनु पर्नेछ |**

छ) **सम्झौता अवधि समाप्त हुने समयमा मेसिनहरु लगायतका सामाग्रीहरु जुन अवस्थामा प्रयोग गर्न शुरु गरेको हो सोही अवस्थामा बुझाउनु पर्ने छ |**

ज) **मेसिनमा रु. २०,०००/- सम्मको मर्मत ठेकेदार आफैले गर्नु/गरउनु पर्नेछ |**

झ) Laundary **कार्यम खर्च हुने** detergent( Powder, Liquid)**, साबुन आदि सबै को ब्यबस्थापन ठेकेदार आफैले गर्नु पर्नेछ |**

## **Laundry** सेवा करारबाट लिने सम्बन्धी आर्थिक प्रस्ताव

(सेवा प्रदायकको लेटर प्याड वा कम्पनीको छाप लागेको सेतो कागजमा मा)

मितिः.......................................

श्री मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रादेशिक अस्पताल
जनकपुरधाम ।

विषयः आर्थिक प्रस्ताव पेश गरेको ।

महशय,

तल हस्ताक्षर गर्ने म/हामीले, प्रस्ताव सम्बन्धी कागजातको अध्ययन गरी, प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए अनुसारको सुरक्षा सेवा प्रदान गर्न देहाय बमोजिमको आर्थिक प्रस्ताव पेश गर्दछौं ।

आधिकारिक व्यक्तिको हस्ताक्षरः

मितिः

कम्पनी/संस्था/फर्मको छापः

| S. N. | Particulars | Quantity | Unit | Month | Monthly Service Charge | Yearly Service Charge | Total Charge |
|---|---|---|---|---|---|---|---|
| 1 | Laundary service | 1 | Job | 12 | | | |
| | | | | | | | |
| | | | | | | | |
| Sub-Total) | | | | | | | |

अस्पतालले ठेकेदार कम्पनीलाई उपलव्ध गराउने मेसिन तथा अन्या सामग्रीहरु :

**नोट** :- Laundry **सेवा** उपलब्ध गराउनु पर्ने हुँदा सो कार्यमा लाग्ने सम्पूर्ण खर्च ( Ditergent powder,Liquid ditergent ,soap, लुगा सुकाउनमा प्रयोग हुने तार ,डोरी, स्टैंड, मेसिनको मर्मतमा एक पटकमा रु. २०,०००/- सम्म लाग्ने मर्मत खर्च लगायत सबै खर्च ठेकेदार कम्पनी आफैले गर्नु गराउनु पर्ने छ | सोही अनुसार लागत आँकलन गरि प्रस्ताव गर्नु पर्नेछ ।

फर्म संस्था वा कम्पनीको नाम :

मुख्य कार्यालय रहेको स्थानः

मुख्य व्यक्तिको नाम, पद र सम्पर्क नं. हस्ताक्षरः

टेलिफोन/मोबाईल नं. ईमेल : छापः

अनुसूची १

प्रस्तावदाताको विवरण सम्बन्धी फारम

(प्रस्तावदाताले यो फारम भर्नु पर्नेछ । यो फारममा कुनै पनि परिवर्तन गर्न पाईने छैन र यो फारमको सट्टा अर्को कुनै पनि फारम स्वीकार गरिने छैन । संयुक्त उपक्रम भएको खण्डमा, संयुक्त उपक्रमका प्रत्येक सदस्यले यो फारम छुट्टाछुट्टै भरी, आ आफ्नो विवरण पेश गर्नु पर्नेछ ।)

मितिः...............................................

| | | |
|---|---|---|
| १. | प्रस्तावदाताको नामः | |
| २. | प्रस्तावदाताको ठेगानाः | |
| ३. | प्रस्तावदाताको फर्म/कम्पनी दर्ता गरेको देशः | |
| ४. | प्रस्तावदाताको फर्म/कम्पनी दर्ता गरेको सालः | |
| ५. | प्रस्तावदाताको फर्म/कम्पनी दर्ता गरेको ठेगानाः | |
| ६. | प्रस्तावदाताको आधिकारिक प्रतिनिधिको विवरणः<br>नामः<br>ठेगानाः<br>टेलिफोन/मोईबाल नं.<br>ईमेलः | |
| ७. | प्रस्तावदाताको टेलिफोन/मोईबाल नं. | |
| ८. | प्रस्तावदाताको ईमेलः | |

अनुसूची २

## संयुक्त उपक्रमको विवरण सम्बन्धी फारम

| | | |
|---|---|---|
| मुख्य साझेदार | संयुक्त उपक्रमको मूख्य साझेदारको नामः<br><br>मुख्य साझेदारको शेयरको हिस्साः<br><br>फर्म कम्पनी दर्ता गरेको स्थानः<br><br>व्यवसाय दर्ता गरेको स्थानः<br><br>साझेदारीमा हिस्साको प्रतिशतः | |

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान २०७७

| | | |
|---|---|---|
| सदस्य | संयुक्त उपक्रमको सदस्यको नामः<br><br>साझेदार सदस्यको शेयरको हिस्साः<br><br>फर्म/कम्पनी दर्ता गरेको स्थानः<br><br>व्यवसाय दर्ता गरेको स्थानः<br><br>साझेदारीमा हिस्साको प्रतिशतः | |
| सदस्य | संयुक्त उपक्रमको सदस्यको नामः<br>साझेदार सदस्यको शेयरको हिस्साः<br><br>फर्म/कम्पनी दर्ता गरेको स्थानः<br><br>व्यवसाय दर्ता गरेको स्थानः<br><br>साझेदारीमा हिस्साको प्रतिशतः | |

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान
२०७७